माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : २१ प्रमाणित मिति : २०८० माघ २९

## भाग २

## माई नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ संसोधन

**माई नगरपालिका, इलाम**

कार्यपालिकामा प्रस्तुत मिति : २०८०/१०/०८
कार्यपालिकामाट पारित मिति : २०८०/१०/०८
प्रमाणिकरण मिति : २०८०/१०/२९

माई नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को परिच्छेद ५ संशोधन :

| हालसम्मको व्यवस्था | सशोधन गर्ने | संशोधन गर्नेको कारण |
|---|---|---|
| (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय वमोजिमको नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्नेछ।<br>क. नगर उपप्रमुखः संयोजक<br>ख. नगरपालिकाले तोकेको १ महिला सहित ३ जना प्रतिनिधी सदस्य<br>ग. कार्यकारी अधिकृत वा नीजले तोकेको अधिकृत कर्मचारीः सदस्य<br>घ. आयोजना सञ्चालन रहेको वडाको वडाध्यक्ष वा निजले तोकेको सदस्यः सदस्य<br>ङ. कार्यपालिकाको विषयगत कार्यालय/ इकाइ प्रतिनीधिः सदस्य<br>च. नगर कार्यपालिकाको कार्यालयवाट तोकेको प्रविधिक कर्मचारी १ जनाः सदस्य नगर कार्यपालिकाका कार्यकारी अधिकृतले तोकेको कर्मचारीः सदस्य सचिव | (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रसञ्चालित विभन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय वमोजिमको नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्नेछ।<br>क. नगर उपप्रमुखः संयोजक<br>ख. नगरपालिकाले तोकेको १ महिला सहित २ जना का.पा सदस्यः सदस्य<br>ग. प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत कर्मचारीः सदस्य<br>घ. आयोजना सञ्चालन रहेको वडाको वडाध्यक्ष वा निजले तोकेको सदस्यः सदस्य<br>ङ. इञ्जिनियर वा प्रतिनिधी मध्येवाट १ जनाः सदस्य<br>च. योजना शाखा प्रमुखः सदस्य सचिव<br>आवश्यकता अनुसार अन्य प्रतिनिधी तथा कर्मचारीहरु सहभागी गराउन सकिनेछ। | योजना अनुगमनलाई प्रभाबकारी बनाउन। |
| (२) वडा स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिः वडाले आफ्नो क्षेत्र भित्र सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय वमोजिम वडा स्तरीय | (२) सुपरिवेक्षण तथा अनुगमन उप समितिः नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने समितिलाई सहयोग गर्नका लागि देहाय वमोजिम नगरस्तरीय सुपरीवेक्षण तथा अनुगमन उपसमिति गठन गर्नेछः | वडा र नगरवीचको समन्वयवाट मजवुद प्रभावकारी अनुमगन संयन्त्र आवश्यक भएको हुनाले। |

| | | |
|---|---|---|
| सुपरीवेक्षण तथा अनुगमन समिति गठन गर्नेछ<br>क. वडाले तोकेको सदस्यः संयोजक<br>ख. वडा समितिको दलित महिला सदस्य<br>ग. स्थानीय वडावासी संघ संस्था नागरिक समाजवाट वडनले तोकेको २ जनाः सदस्य<br>घ. वडा सचिव वा नीजले तोकेको कर्मचारीः सदस्य सचिव | (क) समिति संयोजकले तोकेको समिति सदस्य मध्येवाट जनप्रतिनिधीः संयोजक<br>(ख) सम्वन्धित वडको वडाध्यक्षः सदस्य<br>(ग) सम्वन्धित वडाको वडा सचिवः सदस्य<br>इञ्जिनियर मध्येवाट १ जनाः सदस्य<br>योजना शाखावाट १ जनाः सदस्य सचिव<br>आवश्यकता अनुसार अन्य प्रतिनिधी तथा कर्मचारीहरु सहभागी गराउन सकिनेछ।<br>उपसमितिको बहुमतको निर्णय मात्र मान्य हुनेछ।<br>कार्यक्षेत्र, कार्यवोझ र प्रभावकारीता हेरी सुपरिवेक्षण तथा अनुगमन समितिले समिति र उपसमितिको संयुक्त वा दुवै मध्येवाट मिलाएर कार्ययोजना र क्षेत्र वाँडफाँड गर्न सक्नेछ। | |

आज्ञाले,
महेन्द्र विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत